# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ

## शुद्ध पिउने पानी (जारको मिनरल वाटर) आपूर्ति गर्ने सम्बन्धी पुन: सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने संशोधित सूचना

**प्रकाशित मिति : २०७९/५/२९ गते**

**सूचना नं. सा.प्र. ५/०७९/०८०**

यस संस्थानलाई आ.व. ०७९/०८० का लागि प्रति दिन ५० देखि ६० जारसम्म शुद्ध पिउने पानी (जारको मिनरल वाटर) आवश्यक परेकोले उक्त मिनरल वाटर सप्लाई गर्न इच्छुक व्यक्ति वा कम्पनीहरूबाट प्रतिजार के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ प्रस्ट खुलाई १५ दिनभित्र रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रका सर्तहरू**

१. सिलबन्दी दरभाउपत्र फाराम रु.१,०००।-(एक हजार मात्र) तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फाराम भरी पेस गरेको सिलबन्दी दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ ।

२. दरभाउपत्र दाता भ्याट तथा प्यानमा दर्ता भएको, सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको इजाजत पत्र, कर चुक्ताको प्रमाणपत्र र कम्पनी प्रमुखको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि स्वयं प्रमाणित गरी सिलबन्दी दरभाउपत्र फाराममा सहीछाप गरी लाहाछाप लगाई पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र बुझाउँदा सिलबन्दी खाम बाहिर **शुद्ध पिउने पानी (जारको मिनरल वाटर) आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र** भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र दाताले रु.३३,०००। (तेत्तीस हजार) रकम धरौटी बापत संस्थानको ने.बैं.लि. काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा वा संस्थानमा नगद जम्मा गरी सोको बैङ्क भौचर/रसिद वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैङ्कबाट सो रकम बराबरको कम्तीमा १२० दिनको बैङ्क ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी दरभाउपत्र पेस गर्नुपर्नेछ ।

५. यो सूचना प्रकाशित भएको मितिले १६औँ दिन अर्थात् २०७९/६/१३ गते दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र संस्थानमा दर्ता भइसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका तथा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन ।

६. सिलबन्दी दरभाउपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू अन्तिम दिन अर्थात् मिति २०७९।६।१३ गते दिनको २:०० बजे संस्थान भवनमा खोलिनेछ । यदि उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि दरभाउपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि प्रस्ताव आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

९. स्वीकृत दरभाउपत्र दाताले प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र संस्थानमा उपस्थित भई कबोल गरेको रकमको ५ प्रतिशत कार्य सम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ । उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१०. आफूले कबोल गरेको रकम भ्याट बाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । उक्त सम्बन्धमा उल्लेख नभएमा उल्लेखित रकम भ्याट बाहेक भनी बुझिनेछ ।

११. हरेक दिन संस्थानमा ११:०० बजेभित्र पानी आपूर्ति गरिसक्नुपर्नेछ । साथै संस्थानका हरेक विभाग तथा शाखाहरूमा आपूर्तिकर्ताले नै पानी पुर्‍याउनुपर्नेछ ।

१२. स्वीकृत सिलबन्दी दरभाउपत्र दाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको सेवा नदिएमा संस्थानले सम्झौता तोडी धरौटी रकम जफत गर्नेछ ।

१३. यसमा नपरेका अन्य कुरा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**सामान्य प्रशासन शाखा**
**गोरखापत्र संस्थान**
**फोन नं. ५३२३०७८**